स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



डान्सर तथा अभिनेत्री कविता नेपालीले यसैसाता ८ हजारभन्दा अग्ला दुई हिमालको चुचुरो चुमिन् । आइतबार सगरमाथा र सोमबार ल्होत्से आरोहण गरिन् । एकदिनको अन्तरमा उनले दुई अग्ला हिमालमाथि प्राप्त गरेको विजयलाई लिएर सामाजिक संजालमा प्रशंसा भैरहेको छ । मंगलबार मात्रै कविताले सगरमाथा र ल्होत्से आरोहणका दुई आकर्षक तस्वीर सार्वजनिक गरेकी छन् ।

**आजको विचार...**



श्रीजन घिमिरे

मान्छेको.... (दुई पेजमा)

नवीन सुब्बा निर्देशित फिल्म 'गाउँ आएको बाटो'को बेलायत वितरण अधिकार अन्डरग्राउण्ड स्लेटले किनेको छ । विज्ञप्ति जारी गर्दै कम्पनीले जुलाई पहिलो सातादेखि ४० भन्दा धेरै हलमा फिल्म प्रदर्शन हुने जनाएको छ । टोरन्टो र बुसानजस्ता प्रतिष्ठित अन्तर्राष्ट्रिय फेस्टिभलमा स्क्रिनिङ भैसकेको दयाहाङ राई स्टारर फिल्मलाई उक्त कम्पनीले भावनात्मक गहिराइ, काव्यात्मक दृश्यभाषा र सशक्त कथावाचनसहितको बताएको छ । कम्पनीले वितरण गर्ने सूचीको पहिलो फिल्म पनि यो रहेको उल्लेख छ ।



❒ वर्ष ३० ❒ अंक २९६ ❒ २०८२ जेठ ८ गते बिहीबार 22 May 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# भैरवनाथ मन्दिर समिति गठनमा उच्च अदालतले लगाइदियो ब्रेक

**रामचन्द्र रायमाझी**

**पाल्पा, जेठ ७**/प्रचलित ऐन विपरित गठन भएको भैरवनाथ मन्दिर व्यवस्थापन समितिको काम कारवाहीमा उच्च अदालतले तत्काललाई ब्रेक लगाइदिएको छ । संघीय सरकार अन्तर्गत गुठी संस्थान ऐनमा भएको व्यवस्थालाई लत्याउदै जिल्लाको रिब्दीकोट गाउँपालिकाले मन्दिर व्यवस्थापन समिति गठन गरेपछि चुलिएको विवाद उच्च अदालतसम्म पुगेको थियो । उच्च अदालत तुलसीपुर बुटवलले ऐन विपरित समिति गठनको निर्णय विरुद्ध अन्तरिम आदेश जारी गर्दै सो समितिको काम कारवाहीमा ब्रेक लगाइदिएको हो ।

रिब्दीकोट गाउँपालिका-४ ले मन्दिर व्यवस्थापन समिति गठन ऐनविपरीत गरेको देखाएर परेको निवेदनमा उच्चका न्यायाधीश रमेश ढकाल र स्वीकृती पराजुलीको संयुक्त इजलासले उक्त समितिलाई काम कारवाहीमा रोक लगाउनुको साथै मन्दिरको व्यवस्थापन र सञ्चालन गर्ने सम्बन्धी कुनै काम कारवाही नगर्न, नगराउन विपक्षीहरुको नाममा अन्तरिम आदेश जारी गरेको छ । २०८१/०७/२७ मा दिलिप रायमाझी अध्यक्ष भई गठन गरिएको समिति कानुन अनुसार नभएकाले सो समितिको काम कारवाहीमा रोक लगाउनु पर्ने आदेशमा भनिएको छ । भैरवस्थान मन्दिर राजगुठी अन्तर्गत भएको तथ्यमा विवाद नदेखिए उच्चको ठहर छ । नेपालको संविधानको धारा २९० बमोजिम गुठी सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुने एवं संविधानको अनुसूची ६ को क्रम संख्या २१ बमोजिम गुठी व्यवस्थापनको विषय प्रदेशको अधिकार सूचीभित्र पर्ने बताइएको छ । गुठी संस्थान ऐन, २०३३ बमोजिम राज गुठीहरुको सञ्चालन र बन्दोवस्त गर्ने जिम्मेवारी पाएको सो गुठी संस्थानले राजगुठी अन्तर्गत देवस्थलको सञ्चालन र व्यवस्थापनको सम्बन्धमा उक्त ऐनको दफा १६ र १७ बमोजिमको अधिकारलाई उपयोग गरी देवस्थल व्यवस्थापन समिति गठन गर्ने सम्बन्धी निर्देशिका, २०८१ जारी गरी २०८१/६/ १९ मा सो निर्देशिका सञ्चालक समितिबाट स्वीकृति भएको र सो निर्देशिका हाल लागु भएको अवस्था समेत रहेकोमा सो निर्देशिका अनुसार समिति गठन हुनु पर्नेमा सो विपरित भएको भन्दै समितिको काम कारवाही रोक्न उच्च अदालतले आदेश गरेको हो ।

निर्देशिका लागु भईसकेको परिवर्तित अवस्थामा कानूनी रुपमा निरन्तरता दिन नमिल्ने उच्च अदालतको ठहर छ । निवेदकको तर्फबाट अधिवक्ताहरु बाबुराम पाण्डे, हिमलाल न्यौपाने, तुलसीराम ढकाल र नारायण प्रसाद ज्ञवालीले बहस गरे भने विपक्षीतर्फबाट जनक पोखरेल, बसन्तराज पोखरेल, विमल पोखरेल र डेमलाल घिमिरेले बहस गरेका थिए । मन्दिर व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष गोविन्द बहादुर पोखरेलले रिब्दीकोट गाउँपालिका -४ का वडा अध्यक्ष सोमबहादुर कार्की, मालपोत कार्यालय पाल्पा, गुठी संस्थान प्रधान कार्यालय, दिलिप रायमाझी र गठीत मन्दिर व्यवस्थापन समितिलाई विपक्षी बनाएर रिट निवेदन दर्ता गरेका थिए । पोखरेल नेतृत्वमा रहेको समितिको २०८१ साउन २ गते पदावधि सकिएको पछि वडा कार्यालयले गुठी संस्थानको स्वीकृती विना २०८१ कार्तिक २७ गते वडाध्यक्ष सोमकुमार कार्कीको अध्यक्षतामा भेला गरी नयाँ समिति गठन गरेको थियो ।



*-बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार

### बम विष्फोट हुदाँ ४ को मृत्यु

**(रासस/एएफपी)**

**क्वेटा,** जेठ ७/पाकिस्तानको दक्षिणपश्चिमी क्षेत्रमा सेनाद्वारा सञ्चालित एक विद्यालयका विद्यार्थी चढेको बसमा बुधबार भएको आत्मघाती आक्रमणमा परी कम्तीमा चार बालबालिकाको मृत्यु हुनुका साथै ३० भन्दा बढी घाइते भएका छन् । बलुचिस्तान प्रान्तको खुजदार जिल्लाका एक वरिष्ठ स्थानीय सरकारी अधिकारी यासिर इक्बाल दश्तीले भने, 'एपीएस (आर्मी पब्लिक स्कूल) का बालबालिकालाई लक्षित गरी बसमा आक्रमण गरिएको छ ।' उनले भने, 'प्रारम्भिक अनुसन्धानले यो आत्मघाती बम विस्फोट भएको ठहर गरेको छ ।' एक वरिष्ठ प्रहरी अधिकारीले मिडियासँग कुरा गर्ने अधिकार नभएको बताउँदै नाम उल्लेख नगर्ने शर्तमा एएफपीसँग भने, 'आक्रमणबाट पाँच बालबालिकाको मृत्यु भएको र थप केही व्यक्ति गम्भीर घाइते अवस्थामा रहेकाले यो सङ्ख्या बढ्न सक्ने बताए ।' यसैबीच सेनाले एक विज्ञप्ति जारी गर्दै तीन बालबालिकासहित पाँच जनाको मृत्यु भएको जनाएको छ । यस विद्यालयले त्यस क्षेत्रमा बसोबास गर्ने सैनिक र सर्वसाधारणका छोराछोरीलाई सेवा प्रदान गर्दछ ।

## छुट्टाछुट्टै सवारी दुर्घटनामा ६ जनाको मृत्यु



**पाल्पा,** जेठ ७/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा ६ जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार नवलपरासी पश्चिम, सुर्खेत, सर्लाही, महोत्तरी र सिराहामा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी ६ जनाको मृत्यु भएको हो ।

नवलपरासी पश्चिमको रामग्राम नगरपालिका-१ सण्डास्थित सडकमा मोटरसाइकलको ठक्करबाट साइकलयात्री मृत्यु भएको छ । सुनवलबाट परासीतर्फ आउँदै गरेको लु.१८ प २९४५ नम्बरको मोटरसाइक्लको ठक्करबाट साइकलयात्री सोही ठाउँका ५० वर्षीय लवकुश चौधरीको मृत्यु भएको हो । ठक्करबाट गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल परासीमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक र मोटरसाइकलमा सवार १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । यस्तै सर्लाहीको बागमती नगरपालिका-४ जिरायत बजारस्थित सडकमा मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ । प्र.३-०२-००६ प ७८६८ नम्बरको मोटरसाइकल र बा.५६ प ५२६ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा प्र.३-०२-००६ प ७८६८ नम्बरको मोटरसाइकल चालक काठमाडौं महानगरपालिका-२३ बसन्तपुर बस्ने ३० वर्षीय विवेक मानन्धर र बा.५६ प ५२६ नम्बरको मोटरसाइकल चालक रौतहट माधव नारायण नगरपालिका-४ बिसुनपुर्वा बस्ने ३३ वर्षीय नागेन्द्र साह सोनारको मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका दुबै मोटरसाइकलमा सवार २ जनाको बागमती मोडेल अस्पताल हरिवनमा उपचार भइरहेको छ । यस्तै सुर्खेतको लेकवेशी नगरपालिका-३ ब्यवारे पुलस्थित सडकमा दशरथपुरबाट लेकफर्सातर्फ जाँदै गरेको क.प्र.०२-००२ प ९७५२ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक सोही नगरपालिका-१ बस्ने २० वर्षीय समिर सुनारको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको कर्णाली प्रदेश अस्पताल कालागाउँमा उपचारको क्रममा मृत्यु भएको हो ।

*-बाँकी अन्तिम पेजमा...*

## धार्मिक पर्यटकीय गन्तव्य बन्दै मालिका मन्दिर

**गुल्मी,** जेठ ७ /जिल्लाको मुसिकोट नगरपालिका-६ स्थित कुर्घाको मालिका मन्दिर धार्मिक पर्यटकीय गन्तव्य बनेको छ । पछिल्लो समय मन्दिर पुन:निर्माण गरिएसँगै यहाँ आउने भक्तजन एवं पर्यटकको संख्यामा वृद्धि हुँदै गएको छ ।

पौराणिक महत्व बोकेको मालीका मन्दिर परिसर वरपर देखिने सुन्दर दृश्यले पर्यटकलाई लोभ्याउने गरेको छ । मालिका मन्दिरमा वर चिच्याएर माग्नुपर्दछ । यहाँ विषेश पर्वहरुमा श्रद्धालुहरुको घुइँचो लाग्छ । यहाँ दर्शन एवं पूजाआजा गर्न गुल्मीलगायत अर्घाखाँची, बागलुङ, प्युठान, बुटवल, काठमाडौंलगायत ठाउँबाट श्रद्धालुहरु आउने गरेका छन् । मालिका मन्दिरमा वर मागे र भाकल गरेपछि मनले चिताएको कुरा सबै पूरा हुन्छ भन्ने जनविश्वास छ । भाकल गरेपछि परेवा उडाउने र बली दिने प्रचलन छ । मन्दिर नजिकैको ठूलो चट्टानबाट निस्किएको पानीको मूल यस



मन्दिरमा पुग्नेहरुका लागि थप सुन्दर र आकर्षक मानिन्छ । सानो पानीको कुण्डमा रङ्गिबिरङ्गी माछाहरु तैरिरहेको दृश्यले त्यहाँ पुग्ने जोकोहीको मन लोभ्याउँछ । मालिका मन्दिरमा बैकुण्ठ चतुर्दशी एवं कार्तिक शुक्ल चतुर्दशीमा हजारौं भक्तजनको घुइँचो लाग्ने स्थानीय ज्ञानहरी सापकोटाले बताए । मालिका क्षेत्रमा किम्मु, बर र सिमलका रुखहरु रहेका र तिनै रुखको फेदमा माल्या श्री नामका ऋषिले तपस्या गरेको भन्ने किम्बदन्ती छ । उक्त क्षेत्रमा प्रशस्त मात्रामा वनजङ्गल रहेकाले जङ्गली जनावर र चराचुरुङ्गीको वासस्थान रहेको छ । पानीको हाहाकार भएपछि त्यसै समयमा देवी प्रकट भएर वरदान मागभन्दा माल्याश्री ऋषिले पानीको अभावले प्राणीहरुले दु:ख पाएको भनेर पुकार गरेपछि देवी मालीका भगवती प्रसन्न भएर मन्दिर परिशरमा जलकुण्ड निकाली जीवन रक्षा गरेको भन्ने पौराणिक मान्यता छ । चट्टानको बीचमा सानो जलकुण्ड छ । यहाँ साउन र माघ महिनामा बली चढ्दैन । मन्दिर नजिकै स्वाँरामा होमस्टे ( घरबास) सञ्चालन गरिएको छ । मन्दिरबाट फर्केपछि दर्शनार्थीहरु होमस्टेमा बास बस्नुका साथै रैथाने बस्तुका विभिन्न परिकारको स्वाद लिने गरेका छन् । मालिका क्षेत्रको विकासका लागि मुसिकोट नगरपालिकाले सडक, खानेपानी, मन्दिर पुन:निमाण, व्यवस्थापन लगायतका क्षेत्रमा सहयोग पुऱ्याउँदै आएको नगरप्रमुख जीवलाल खरेलले बताए । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

## सम्पादकीय

# जैविक विविधता जोगाऔं

पर्यावरणीय र सामाजिक–आर्थिक दृष्टिकोणमा जैविक विविधताहरु निकै महत्वपूर्ण मानिन्छन् । जीवित प्राणी र वनस्पतिबीचको भिन्नता, किसिम एवं फरकपनलाई जैविक विविधता भनिन्छ । जैविक विविधताले जल, स्थल, समुद्र तथा सिमसारमा रहेका सबै जीवित प्राणी तथा वनस्पतिबीच पाइने फरकपन, प्रकार तथा तिनीहरूबीचको अन्तरसम्बन्ध एवं संयोजनसमेतलाई जनाउँछ । कुनै एक स्थानको वन क्षेत्रमा वनस्पति, पशुपन्छी र अन्य जीव रहेका हुन्छन् । यो जैविक विविधता हो । वास्तवमा भन्ने हो भने पृथ्वीमा भएको सुक्ष्म तथा स्थूल जीव अनि वनस्पतिको समष्टी रुपलाई नै जैविक विविधताको रुपमा लिइन्छ । तर विश्वब्यापी रुपमै अहिले जैविक विविधता संकटमा परिरहेका छन् । यसो हुनुको मुख्य कारण चोरि शिकारी, वन विनाश,तिब्र शहरीकरण र प्रदुषणलाई जिम्मेवार मानिन्छ । स्वदेशी र विदेशी बजारमा वन्यजन्तुका विभिन्न अंगहरुको ठूलो माग भएकोले विश्वभरी वन्यजन्तुहरुको शिकार गर्ने कार्य भैरहेको छ । पछिल्लो समयमा नेपालमा कमजोर वन व्यवस्थापन, प्रदुषण, अव्यवस्थित विकास निर्माण कार्य र जलाधार क्षेत्रको विनाशले वन्यजन्तु विनाशमा मुख्य भूमिका खेलेको छ ।

सुकुम्बासीको नाममा जंगल विनाश भएर जैविक मार्ग टुक्रनु, वैज्ञानिक वन व्यवस्थापनको नाममा गैह्र काष्ठ वनस्पति, वन्य फलफूलका विरुवा र कन्दमूलहरु तथा मिश्रित प्रजातिका झाँडीहरु निर्मूल पार्ने क्रम बढेकोले वन क्षेत्रमा वन्यजन्तुको लागि चरन, आहारा, आश्रय तथा क्रिडास्थलको अभाव हुँदै गएको छ । रुख काटछाँटको नाममा वनमा मानिसको निरन्तर चहलपहल भैरहने र हरेक वर्ष वनमा दोहिरिने वनडढेलोको कारणले वनस्पती र वन्यजन्तु उपस्थिति पातलिंदै गएको छ । प्राकृतिक श्रोतको अत्यधिक दोहन तथा बासस्थानको विनास अनि बढ्दै गएको जलवायु परिवर्तन र विश्व उष्णीकरणका कारण जैविक विविधता संकटमा परिरहेको छ । तर यसको संरक्षणतर्फ भने कसैको पनि चासो जान सकेको छैन । जैविक विविधताको संरक्षणका लागि हरेक वर्षको मे २२ मा अन्तर्राष्ट्रिय जैविक विविधता दिवस मनाइने गरिन्छ । आज पनि यो दिवस विश्व समुदायले मनाउँदै छ । तर हरेक वर्ष यो दिवस मनाइँने गरे पनि अहिलेसम्म जैविक विविधता संरक्षणमा भने कसैको पनि ध्यान गएको देखिदैन । दिवस औपचारिकतामा मात्र सिमित हुन पुगेको छ । मानवीय क्रियाकलापका कारण पृथ्वीबाट कैयन जीवजन्तुका वंश नै समाप्त भैसकेका छन् भने कुनै अति नै संकटापन्न अवस्थामा पुगिसकेको सन्दर्भमा भावी संकट टार्नको लागि अब मानव समुदायले जैविक विविधता जोगाउने दिशामा ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

म हैसियत र औकात सोध्ने मान्छेलाई होइन
ब्यबहार र संस्कार सोध्ने मान्छेलाई इज्जत गर्छु ।
*(सुमन रेगामीको फेसबुक स्टाटस https://www.facebook.com/Suman.Regami)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# मान्छेको बलियो साथी बन्न सक्छ एलएलएम र एआई



श्रीजन घिमिरे

*सरकारले एआईको लागि अनुसन्धान प्रयोगशालाहरू निर्माण गर्न मद्दत गर्नुपर्छ । सरकारले एआईसँग सम्बन्धित स्टार्टअपका लागि रकम उपलब्ध गराउनुपर्छ । यसका साथै उपयुक्त कम्प्युटिङ पूर्वाधार विकास गर्न सरकार र निजी क्षेत्र दुवैले पहल गर्नु जरुरी छ । जीपीयू, टीपीयू वा क्लाउडमा आधारित उच्च गतिको कम्प्युटर प्रणालीको विकासमा स्रोत जुटाउनु जरुरी छ । यस्तै सरकारले एआईको भौतिक पूर्वाधारका लागि लगानी बढाउनु जरूरी हुन्छ । यसका लागि सरकारी तथा निजी क्षेत्रबाट एलएलएम निर्माणका लागि नीतिगत समर्थन र लगानी सुनिश्चित गर्नुपर्छ । सरकारले आफ्नो बजेटमै एलएलएमबारे उल्लेख गरेर काम र लगानीको थालनी गर्नुपर्छ । नेपाली एलएलएमको सामाजिक प्रभावबारजनचेतना : सरकारले आफ्नो देशको प्रविधि र पहिचानलाई कायम राख्दुन एआईको नेपाली मोडलबारे शिक्षा, न्याय प्रणाली, प्रशासन र आम जनमानसमा सकारात्मक प्रभावबारे जनचेतना फैलाउनु जरुरी छ ।*

केही समय पहिलेसम्म चलचित्र र कल्पनामा मात्र सीमित कृत्रिम बुद्धिमत्ता (आर्टिफिसियल इन्टेलिजेन्स ) अहिले हाम्रो जीवनको महत्वपूर्ण पाटो बनेको छ । साधारण चेस खेल्ने इन्जिनदेखि भिडियो किताबसम्म सिर्जना गर्ने क्षमता भएको एलएलएम (लार्ज ल्याङग्वेज मोडल)का कारण एआईले छोटो समयमै ठूलो छलाङ मारेको छ । हामी सबैले एक न एक पटक त च्याटजीपीटी प्रयोग गरेकै हुन सक्छौं । तर हामीमध्ये थोरै मात्रैलाई थाहा छ, यो के हो ? यसले कसरी काम गर्छ ? के अरु पनि यस्ता एआईका फिचरहरू छन् ? छन् भने यो भन्दा शक्तिशाली छन् कि छैनन् ? के नेपालले पनि भविष्यमा आफ्नै एआई मोडल बनाउन सक्छ ?

**च्याटजीपीटी भनेको के हो ?**

च्याटजीपीटी एलएलएमअन्तर्गत पर्छ । एलएलएम ठूलो डेटाद्वारा प्रशिक्षित तटस्थ नेटवर्क हो, जसले भाषा बुझ्न, अनुवाद गर्न, कोड लेख्न, त्यसलाई सच्याउन, समस्या समाधान गर्न र मानव मनोविज्ञान पनि बुझ्न सक्छ । यसलाई अझ सरल भाषामा बुझ्नको लागि हामी एलएलएमलाई भर्खरै किनेको सुगासँग तुलना गर्न सक्छौं । जसरी सुरुमा सुगालाई केही थाहा हुँदैन, तर हामी यसलाई बोल्न सिकाउँछौं अर्थात् हामी सुगालाई तालिम दिन्छौं । अनि सुगाले समयसँगै सिक्छ, गल्ती गर्छ, हामी यसलाई सजाय दिन्छौं । यो राम्रो हुन्छ र अन्ततः बोल्न सिक्छ । एलएलएमको हकमा पनि त्यस्तै हुन्छ । अर्थात्, हामी यसलाई जति तालिम दिन्छौं र सिकाउँछौं, त्यो त्यति नै परिपक्व र व्यावहारिक हुँदै जान्छ अनि मानव जीवनलाई थप सहयोग पुऱ्याउँदै जान्छ । एआई भविष्यमा मानव जीवनलाई सजिलो बनाउने एउटा बलियो टुल्सको रूपमा स्थापित हुन सक्छ ।

**एलएलएमले कसरी काम गर्छ ?**

अहिले विश्वका धनी देशहरूले आफ्नो भेष र परिवेश अनुसारको एलएलमका मोडेलहरू विकास गरिरहेका छन् । उनीहरूले विकास गरेका एलएलएमलाई एआईका विभिन्न स्वरूपहरू दिएर सार्वजनिक गर्दै आएका छन् । प्रायः सबै एलएलएम ट्रान्सफर्मर आर्किटेक्चरमा आधारित छन्, जुन सन् २०१७ मा गुगलको अनुसन्धान टोलीद्वारा प्रकाशित 'एटेन्सन इज बल यू निड' भन्ने रिसर्च पेपरमा आधारित छ । यसमा प्रयोग भएको एटेन्सन मेकानिज्मको माध्यमबाट मेसेजलाई राम्रोसँग बुझ्न, विश्लेषण गर्न, सम्बोधन गर्न, उचित जवाफ दिन सजिलो बनाइदिएको छ ।

**के च्याटजीपीटी मात्र छ ?**

अहिले विश्वबजारमा थुप्रै एलएलएम आएका छन् जसलाई खुला रूपमा प्रयोग गर्न सकिन्छ । यतिमात्रै होइन, आर्टिफिसियल इन्टेलिजेन्सको विकास भएसँगै सुरुमा च्याटजीपीटीको चर्चा बढी आयो । त्यसपछि सामाजिक सञ्जाल फेसबुकले ल्याएको एआई लामा (Llama), गुगलको जेमिनी (Gemini), एन्थ्रोपिकको क्लाउडी (Claude), एक्सको ग्रोक (Grok), मेटाको लामा (LlaMA), अलिबाबाको जीक्वेन (Gwen), डीपसीकको डीपसीक भी वान ( deepseek v) आदि रहेका छन् । यसका साथै विभिन्न कम्पनी र देशका आफ्ना-आफ्ना मोडेल पनि छन् । ती एलएलएमहरू पहिलेभन्दा धेरै शक्तिशाली र प्रभावशाली रहेका छन् ।

**कुन मोडेल बढी शक्तिशाली ?**

एलएलएममा आधारित एआई मोडेलको आफ्नै विशिष्ट विशेषता हुन्छ । केही मोडेल कोडिङमा राम्रा हुन्छन् भने केही तर्कमा राम्रो हुन्छन् । यी मोडेलको क्षमता मापन गर्न बेन्चमार्क राखिएका हुन्छन्। जस्तैः मानवताको अन्तिम परीक्षा, एमएमएलयू, सुपरग्लू आदि । हामी यसलाई एलएलएमको लागि परीक्षाको रूपमा लिन सक्छौं । यी परीक्षाहरूले कोडिङ, गणित, तर्क, भाषा, सुरक्षा आदि जस्ता विभिन्न क्षमताको मूल्याङ्कन गर्छन् । त्यसपछि उक्त प्रदर्शनको आधारमा उनीहरूलाई केही अंक दिइन्छ । यदि हामीले आजसम्म हेर्‍यौं भने ग्रोक थ्री (Grok ) तर्कको लागि उत्तम छ । यस्तै ओपन एआई ओफोर मिनी (Open ai o$ mini) गणितको लागि राम्रो छ भने क्लाउडी ३.७ ( अबिगमभ ३.७) कोडिङको लागि राम्रो छ । यसैगरी लामा ( LlAMA ) उपकरण प्रयोगको लागि उत्कृष्ट छ भने जेमिनी (Gemini @)उपयुक्त तर्कको लागि विशेष छ । माथिका यी एआईको बारेमा बुझ्दा नै थाहा हुन्छ, कुनै पनि एकल मोडेल आफैंमा पूर्ण हुँदैनन् । तर एआईको प्रत्येक मोडेलको विशेषता अद्वितीय हुन्छ ।

**के नेपालले आफ्नै एलएलएम बनाउन सक्छ ?**

विकसित देशहरूले आ-आफ्नै एलएलएम बनाइरहेका छन् । कतिपयले आफ्नै स्रोत-साधनमा निर्माण गरिरहेका छन् भने कतिपयले आयात गर्ने गरेका छन् । तर नेपालजस्तो विकासशील मुलुकले एलएलएम बनाउनका लागि भने सोच्नुपर्ने बेला आएको छ । नेपालले आफ्नै एलएलएम बनाउन सक्दुछ ? भन्दुने प्रश्नको उत्तरभन्दा पहिले के नेपालमा प्रविधिका लागि स्रोत-साधनको पर्याप्तता छ ? भन्दुनेबारेमा बुझ्न जरुरी छ । नेपालमा एलएलएम निर्माण गर्न के-केको कमी छ ?

**एआईसम्बन्धी नीतिको अभाव :** नेपाल सरकारले प्रविधिका विकशित नयाँ आयामहरू अर्थात् विश्वमा विकशित कुनै पनि नयाँ इन्नोभेसनलाई कसरी आफ्नोमा विकास गर्ने भन्दुनेबारेमा नीति, नियम नै छैन । सरकारले यसबारेमा योजना बनाउन नै सकिरहेको छैन । सरकारले प्रविधिमा चासोपूर्वक एआईबारे एकीकृत नीति र नियम तर्जुमा गरेको देखिँदैन । तर यसबारेमा केही विधेयक भने संसदमा पेस गर्ने भन्ने सुन्नमा आएको छ ।

**स्रोत-साधनको अभाव :** एलएलएम निर्माणको लागत धेरै महँगो छ । हामी साधारण सीपीयूमा एलएलएमलाई तालिम दिन सक्दैनौं । यसको लागि हामीलाई जीपीयू (ग्राफिक्स प्रोसेसिङ युनिट) चाहिन्छ । जीपीयूले तालिमलाई आवश्यक पर्ने उच्च क्षमताका शक्तिहरू सम्हाल्न सक्षम हुन्छ । यसै पनि जीपीयू महँगो छ । अहिले नेपालले तिनीहरूलाई उत्पादन गर्दैन । एआईबारे सरकारले विश्वविद्यालयलाई आफ्नो पाठ्यक्रममा मेसिन लर्निङ, डिप लर्निङ र एनएलपीजस्ता पाठ्यक्रमहरू समावेश गर्न प्रोत्साहित गर्नुपर्छ ।

**जनशक्तिको अभाव :** एलएलएम निर्माणको लागि हामीलाई मेसिन लर्निङ, डिप लर्निङ, एनएलपी आदि राम्रो ज्ञान भएका अनुसन्धानकर्ता/शोधकर्ताहरू चाहिन्छ । नेपालमा यी व्यक्तिहरूको अभाव छ वा उनीहरू विदेश पलायन भइसकेका छन् । जो छन् उनीहरूलाई सरकारले बेवास्ता गर्दै आएको छ ।

**डेटाको अभाव :** हामीसँग एलएलएमलाई तालिम दिनसक्दुने पर्याप्त डेटाको अभाव छ । यस उद्देश्यका लागि हामीलाई सफा डेटा चाहिन्छ, त्यो हामीसँग छैन । यसका लागि सरकार र सरोकारवाला निकायले अहिले कुनै चासो नै दिएको छैन ।

**निष्कर्ष वा सुझाव :** विश्वभर प्रविधिको प्रयोग र उपयोग भइरहेका बेला नेपालले पनि एआईबारे चासो र चिन्तन गर्नु उपयुक्त हुन्छ । एआईबारे सरकारले विश्वविद्यालयलाई आफ्नो पाठ्यक्रममा मेसिन लर्निङ, डिप लर्निङ र एनएलपीजस्ता पाठ्यक्रमहरू समावेश गर्न प्रोत्साहित गर्नुपर्छ । सरकारले एआईको लागि अनुसन्धान प्रयोगशालाहरू निर्माण गर्न मद्दत गर्नुपर्छ । सरकारले एआईसँग सम्बन्धित स्टार्टअपका लागि रकम उपलब्ध गराउनुपर्छ । यसका साथै उपयुक्त कम्प्युटिङ पूर्वाधार विकास गर्न सरकार र निजी क्षेत्र दुवैले पहल गर्नु जरुरी छ । जीपीयू, टीपीयू वा क्लाउडमा आधारित उच्च गतिको कम्प्युटर प्रणालीको विकासमा स्रोत जुटाउनु जरुरी छ । यस्तै सरकारले एआईको भौतिक पूर्वाधारका लागि लगानी बढाउनु जरूरी हुन्छ । यसका लागि सरकारी तथा निजी क्षेत्रबाट एलएलएम निर्माणका लागि नीतिगत समर्थन र लगानी सुनिश्चित गर्नुपर्छ । सरकारले आफ्नो बजेटमै एलएलएमबारे उल्लेख गरेर काम र लगानीको थालनी गर्नुपर्छ ।

**नेपाली एलएलएमको सामाजिक प्रभावबारजनचेतना :** सरकारले आफ्नो देशको प्रविधि र पहिचानलाई कायम राख्दुन एआईको नेपाली मोडलबारे शिक्षा, न्याय प्रणाली, प्रशासन र आम जनमानसमा सकारात्मक प्रभावबारे जनचेतना फैलाउनु जरुरी छ । यसका लागि अन्तर्राष्ट्रिय साझेदारी र सहयोग पनि लिन सक्छ सरकारले । त्यसमा विदेशी विश्वविद्यालय, संस्था र प्रविधि कम्पनीसँग सम्झौता गरेर प्रविधिको ज्ञान र सिप हस्तान्तरण गर्नसक्छ । यदि यसो भएमा नेपालले आफ्नै एलएलएम निर्माण गर्न सक्नेछ ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : छोटो मिठो दुरिको यात्रा गर्नुहुनेछ। मित्रजनहरूसंग भेटघाटले मन प्रसन्न रहला। | **तुला** : सोचेभन्दा कम लाभ मिल्नेछ। सन्तानको प्रगति देखेर मन हर्षित रहला। |
| **वृष** : धर्मकर्ममा मन जानेछ । नयाँ रोजगारको अवसर पाउनुहुनेछ । | **वृश्चिक** : सामाजिक कार्यमा मन जानेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ। |
| **मिथुन** : भेटघाटले मन प्रसन्न रहला। यात्रामा दही खाएर यात्रामा निस्कनुहोस्। | **धनु** :यात्रा लाभदायी रहनेछ। आयआर्जनका नयाँ स्रोतहरू फेला पर्नेछन्। |
| **कर्कट** : कार्यक्षेत्रमा सोचेभन्दा थोरै लाभ मिल्नेछ। धोका पाइने छ सावधान रहनुहोस्। | **मकर** :सामाजिक कार्यमा दिन बित्नेछ। इच्छापूर्तिको लागि संघर्ष गर्नुपर्ने हुन्छ। |
| **सिंह** : खानपानमा ध्यान दिनुहोस् । सञ्चित धन खर्च हुने सम्भावना छ। | **कुम्भ** : यात्राको लागि सफलता हात पर्ला। सोचेको भन्दा राम्रो सफलता पाउनुहुनेछ। |
| **कन्या** : सामान्य दिन रहेको छ। विद्यार्थी वर्गहरूको लागि दिन सामान्य रहेको छ। | **मीन** : शारीरिक रूपमा कमजोर रहेको छ। सवारी साधन चलाउँदा ध्यानपूर्वक चलाउनुहोला। |




लघुकथा — लक्ष्मी रिजाल

# शिक्षा

'मेरो बाटो छोड्, म राजा हुँ यो खेतको ! ' गोरुले डुक्रिँदै भन्यो । दाम्लो शान्त स्वरमा मुस्कुरायो, 'राजा हुन्थ्यौ भने खेत जोत्न आउँदैनथ्यौ ।' यसरी उनीहरूका बिच एउटै गोठमा रहेर पनि सधैं झगडा हुन्थ्यो । आफूलाई बलवान सम्झिने गोरुले दाम्लोलाई सधैं हेप्थ्यो । खेत जोत्न जाँदा पनि ऊ जोतिने दाम्लोभन्दा अगाडि हिँड्न खोज्थ्यो । आज भने पहाडे खेत जोत्नुपर्‍यो । दलदलमा खुट्टा फँस्दा गोरु छटपटायो, 'बचाऊ ! बजाऊ !! मेरो प्राण छुट्न लाग्यो ।' उसको भाषा र भाका कसैले बुझेन र सहयोग गरेन । अझ कपटपूर्ण काम गरेको आरोपमा उसले बेस्कन रामधुलाई खायो । दाम्लोलाई दया लाग्यो । उसले मुख नखोली गोरुलाई तानेर निकाल्यो । थाकेको गोरुले पहिलोपटक नम्र स्वरमा भन्यो, 'तिमी बिना म अधुरो रहेछु ।' दाम्लो शान्तसाथ मुस्कुराइरह्यो । गोरुले आभारपूर्वक थप्यो, 'साँचो बल त घमण्डलाई नम्रतामा बदल्न सक्नु पो रहेछ ।'

***-समकालीन साहित्य डटकम***

## रम्भा गाउँपालिकाको अनुरोध

- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

| वीर बहादुर पुन | राधाकुमारी श्रेष्ठ | विष्णु प्रसाद भण्डारी |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

रम्भा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिपलडाँडा,पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## सत्यवती गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।

| कमल प्रसाद भुसाल | निर माया तरामु | टिकाराम पाण्डे |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

कविता — कविता पौडेल

# आमाको दैनिकी

असह्य व्यथापश्चात सुँडेनीले छातीमा टाँसिदिएको, अबोध मुहार हेरेर चन्द्रमा झैं मुस्कुराउँछिन्

आलो, सुत्केरी छाउलाई मातृवत्सल्यले जित्दै खै, कसरी खट्िथन् दिन रात ?

जीवनका अधिकांश समय अरूलाई खर्चिंदा किन साँचिदिएन समयले, उनको उमेर ? घामको गति र दिशा हेरेर समय ठम्याउने आमाले किन ठम्याउन चाहिनन् आफ्नो जीवनका गतिहरू ? घरमा भित्ताहरू

रातो माटो र कमेरोले रङ्गाउँदा थोरै आफ्नो जीवन रङ्गाएको भए ! किन घरको दलिनले सधैं समाइरह्यो आमाको पछ्यौरी ?

कि, बाँधिदिइन् आमाले सालनाल जोडिएकाहरूसँग आफ्ना सन्तुष्टि !

नीलो आकाशमुन्तिर रहेको घना शून्यता जस्तो के थियो आमाको जीवनमा, सधैं उस्तै रहने आमाको दैनिकी पट्यार लाग्दैनथ्यो कि अहै ! ***-साहित्यपोस्ट डटकम***

## तिनाउ गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।

| दिनेश सारु | लाल बहादुर थापा | प्रेम श्रेष्ठ |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

तिनाउ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दोभान, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## बगनासकाली गाउँपालिकाको अनुरोध

- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- बासी, सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं

| खेमराज छिनाल | हरि प्रसाद पाठक | सरस्वती दर्लामी चिदी |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

बगनासकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिर्तुङ्धारा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

# आज जैविक विविधता दिवस मनाइँदैं




**पाल्पा,** जेठ ७/आज अन्तर्राष्ट्रिय जैविक विविधता दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदैछ । जैविक विविधताका मुद्दाप्रतिको बुझाई र सचेतना वृद्धि गर्ने उद्देश्यले संयुक्त राष्ट्रसंघको आह्वानमा हरेक वर्ष मे २२ तारिखमा यो दिवस मनाउने गरिएको हो ।

देशहरूले जैविक विविधता प्रतिका अनेक सम्झौताहरू र सम्धीहरू अनुमोदन गरे पनि कदमहरूमा खासै परिवर्तन नदेखिएका कारण यस वर्षदेखि राष्ट्र र राष्ट्र प्रमुखहरूलाई जैविक विविधताप्रति थप जुझारु हुन आग्रह गरिएको हो । सन् १९९२ मे २२ मा ब्राजिलको रियो दि जेनेरियोमा सम्पन्न पृथ्वी शिखर सम्मेलनले जैविक विविधता महासन्धी अगाडि बढाउने निर्णय गरेको थियो । त्यसपछि सन् १९९४ देखि मे २२ का दिन जैविक विविधता दिवस मनाउने अभ्यास थालियो । जेनेरियो सम्मेलनको निर्णयलाई सन् २००० डिसेम्बर २२ मा बसेको संयुक्त राष्ट्र संघको महासभा बैठकको निर्णय नम्बर ५५ र २०१ ले थप अङ्गीकार गऱ्यो र प्रत्येक वर्ष २२ मे लाई अन्तर्राष्ट्रिय जैविक विविधता दिवसका रुपमा मनाउने घोषणा भएको हो । कानुनत: नेपालमा जैविक विविधतालाई वातावरण संरक्षण ऐन २०५३ अनुसार व्याख्या गरिँदै जैविक विविधता भन्नाले पारिस्थितिक प्रणाली, प्रजातीय प्रणाली र वंशाणुगत प्रणालीको विविधता भन्ने बुझिन्छ । छोटो दुरीमा धेरै भौगोलिक संरचना, भिन्न भिन्न मौसम एवं भिर, पहरा, गल्छी र उपत्यकाहरू छन् । पहाड र हिमाली क्षेत्रमा उत्तर-दक्षिण दुवैतिर फर्केका भित्ता पाखाहरूका कारण एकातिर घाम लाग्ने र अर्कोतिर ओसिलो हुन्छ । घण्टाभरि मात्र पनि यात्रा गर्ने हो भने नितान्त फरक प्राकृतिक माहौलमा पुगिन्छ, जैविक विविधता अनुभव गर्न सकिन्छ । परापूर्वकालदेखि नै नेपाली सनातन परम्पराले विभिन्न वनस्पति तथा प्राणीलाई विभिन्न भगवानका रूपमा आस्था राखी पूजा गर्दै आएको छ । विशेष गरिकन हिन्दु धर्मावलम्बीले वर, बेल, रुद्राक्ष र अशोकलाई भगवान् शिव, पीपल र बाबियोलाई भगवान् विष्णु, शमी र दुबोलाई गणेश, तुलसी र अमलालाई लक्ष्मी, कुश र पलाँसलाई ब्रह्मा अनि खयरलाई अग्निका रूपमा स्विकारेको देखिन्छ । त्यसै गरी किरात-मुन्धुमलाई त पूर्ण रूपमै भूमि तथा जैविक विविधता पुजारीकै रूपमा लिएको पाइन्छ । जैविक परम्परा त भगवान् बुद्धले बुद्धत्व प्राप्ति गरेको वृक्षकै वरिपरि घुमेको छ । कुरान तथा बाइबल समेत वन, वनस्पति तथा जैविक विविधताप्रति सामीप्य राख्छन् । सन् १९९२ मे २२ मा ब्राजिलको रियो दि जेनेरियोमा सम्पन्न पृथ्वी शिखर सम्मेलनले जैविक विविधता महासन्धी अगाडि बढाउने निर्णय गरेसँगै सन् १९९४ देखि मे २२ का दिन जैविक विविधता दिवस मनाउन सुरु गरिएको हो ।

## खेलकुद समाचार

### बर्नमाउथलाई हराउँदै म्यानचेस्टर तेस्रो स्थानमा



**काठमाडौ,** जेठ ७/इङ्लिस प्रिमियर लिग फुटबलमा बर्नमाउथलाई हराउँदै म्यानचेस्टर सिटी तालिकाको तेस्रो स्थानमा उक्लिएको छ । खेलमा सिटीले बर्नमाउथलाई ३-१ गोलले हरायो । जीतसँगै सिटीको ३७ खेलमा ६८ अङ्क भएको छ । उसका ओमार मारमुस, बर्नान्डो सिल्भा र निको गोन्जालेजले समान एक/एक गोल गरे । खेलको अतिरिक्त समयमा बर्नमाउथका ड्यानियल जाबिसनले सान्त्वना गोल फर्काए । खेलको दोस्रो हाफपछि सिटी र बर्नमाउथ १० खेलाडीमा सीमित भए । अर्को खेलमा क्रिस्टल प्यालेसले उल्भ्सलाई ४-२ गोलले हराएको छ । प्रिमियर लिगमा सबै २० टोलीले समान ३७/३७ खेल खेलिसकेका छन् । लिगको उपाधि यसअघि नै लिभरपुलले जितिसकेको छ । दोस्रो स्थानको आर्सनलको ३७ खेलमा ७१ अङ्क छ । लिभरपुल र आर्सनलले आउँदो सिजनको च्याम्पियन्स लिग खेल्ने पक्का भइसकेको छ । चौथो स्थानको न्युक्यासल, पाँचौं स्थानको चेल्सी र छैटौं स्थानको एस्टन भिल्लाको समान ६६ अङ्क छ । अब सबै टोलीले एक/एक खेल खेल्नेछन् । अन्तिम खेल मे २५ तारिखमा हुनेछ ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से घट्यो, कारोबार रकम बढ्यो



**पाल्पा,** जेठ ७/साताको चौथो कारोबार दिन बुधबार नेप्से परिसूचक सामान्य अंकले घटेर बन्द भएको छ । बजार परिसूचक नेप्से ७ दशमलव ९४ अंकले घटेर २ हजार ६ सय ६९ दशमलव ५१ विन्दुमा झरेको छ । मंगलबार नेप्से परिसूचक ४९ दशमलव ०९ अंकले बढेर १ हजार ६ सय ७७ दशमलव ४५ विन्दुमा पुगेको थियो । नयाँ गभर्नर नियुक्ति भएपछि सेयर बजार बढ्ने लगानीकर्ताले अनुमान गरेका थिए तर, नवनियुक्त गभर्नरले पदभार लिएकै दिन सेयर बजार ओरालो लागेको छ ।

सो दिन कारोबारमा आएकामध्ये ९३ कम्पनीको सेयर मूल्य बढ्यो भने १ सय ५३ वटाको घट्यो र एउटाको स्थिर रह्यो । ८८ हजार १ सय २१ पटकको सेयर कारोबारमा २ करोड ३० लाख २६ हजार २४५ कित्ता सेयर किनबेच भए । ती किनबेचमा १० अर्ब ६९ करोड ८६ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । अघिल्लो कारोबार दिनको तुलनामा कारोबार रकम भने बढेको हो । गत मंगलबार सेयर बजारमा ७ अर्ब ३१ करोड रुपैयाँ बराबरको सेयर कारोबार भएको थियो । आइतबार कारोबारमा आएका १३ उपसमूहमध्ये बैंकिङ, विकास बैंक र सामूहिक लगानी कोषको परिसूचक बढे । बाँकी उपसमूहको परिसूचक घटेको नेप्सेले जनाएको छ । बुधबार ओम मेघाश्री फर्माक्युटिकल्सको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । ७१ करोड मूल्य बराबरको सेयर कारोबार गरी राधी विद्युत शीर्ष स्थानमा रह्यो । यसैगरी माउन्टेन इनर्जीको ५९ करोड,नगदी ग्रुपको ५७ करोड, युनिभर्सल पावरको ४३ करोड र हिमालयन रिइन्स्योरेन्सको ३७ करोड मूल्य बराबरको सेयर कारोबार भयो । कारोबारमा आएकामध्ये ९३ स्टक्सको मूल्य बढ्दा १ सय ५३ वटाको घट्यो । एक स्टकको मूल्य भने स्थिर रह्यो । तीन समूहबाहेक अन्यको उपसूचक नकारात्मक देखिएका छन् । बैंकिङ,डेभलपमेन्ट बैंक र म्युचुअल फण्ड समूहको उपसूचक बढ्दा अन्य समूहको उपसूचक घटेको हो ।

## छुट्टाछुट्टै सवारी...

...साथै दुर्घटनामा घाइते भएका मोटर साइकलमा सवार १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । यस्तै सिराहाको गोलबजार नगर पालिका-९ स्थित सडकमा चौहर्वाबाट मिर्चैयातर्फ आउँदै गरेको प्र.२-०१-००१ क ०१७१ नम्बरको टिपरको ठक्कर बाट साइकलयात्री सोही नगरपालिका-९ गोबिन्दपुर बस्ने महोत्तरी गौशाला नगरपालिका-११ घर भएका ६० वर्षीय हासिम मिया सेखको मृत्यु भएको छ । उनको प्रादेशिक अस्पताल जनकपुर मा उपचारको क्रममा मृत्यु भएको हो । उता महोत्तरीको बर्दिबास नगर पालिका-८ क्वार्टर चोकमा प्र.२-०४-००१ प १४९७ नम्बरको मोटर साइकल र प्र.२-०३-००१ च २५१७ नम्बरको पिकअप एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकल चालक रामगोपालपुर नगरपालिका-५ बस्ने ३८ वर्षीय अरूण चौधरीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको बर्दिबासस्थित शुभ स्वास्तिक अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो ।

## भैरवनाथ मन्दिर समिति...

...स्थानीय सरकारले आफू अनुकूल समिति गठन गरेपछि विवाद बाहिर आएको थियो । समिति गठनका विषयमा शितलपाटी डटकमले ऐन विपरित भएको भन्दै निरन्तर रुपमा समाचार प्रकाशित गर्दै आएको थियो । अन्तत: उक्त समाचारको सत्यता उच्च अदालतबाट समेत पुष्टि भएको छ । यो मन्दिर राजगुठी मातहत रहेकाले समिति गठन गर्दा सम्बन्धित देवस्थल रहेको क्षेत्रको गुठी कार्यालयका प्रमुख वा मालपोत कार्यालयका प्रमुखको अध्यक्षतामा जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, वडा कार्यालयका प्रतिनिधि, सम्बन्धित देवस्थलको महन्त, पूजारी, गुठीयार, लामा, गुभाजु, संस्कृतिविद्, सञ्चारकर्मी, उद्योग वाणिज्य संघ, संस्कृति सम्पदा संरक्षणमा क्रियाशिल संघ, संस्था तथा स्थानीयवासीसहितको भेला गरी सो भेलाबाट नयाँ समिति गठन गरी मालपोत कार्यालयको सिफारिसमा गुठी संस्थामा पठाउनु पर्ने हुन्छ । तर स्थानीय सरकारले त्यसो गरेन । उसले ५१ जनाको हस्ताक्षर गराई भेला गरिएको माइनोट बनाए पनि त्यहाँ मालपोतको प्रतिनिधि, जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि उपस्थित गराएको थिएन । भेलामा अधिकांस स्थानीय जनप्रतिनिधि, कर्मचारी, स्थानीयहरु मात्रै रहेका छन् । अर्कोतर्फ भेलाले सिफारिस गरेका व्यक्तिहरुलाई कार्यपालिकाको बैठकबाट अनुमोदन गरि गुठी संस्थानलाई सिफारिस गर्नुपर्ने व्यवस्था भए पनि विना अनुमोदन सिफारिस गरेका कारण समिति विवादित बन्न पुगेको थियो । गाउँपालिकाले आफैले बनाएको मठ-मन्दिर व्यवस्थापन ऐन २०८१ मा टेकेर समिति गठन गरेको दावी गर्दै आएको थियो । उसले उक्त ऐन २०८१ माघ १५ गते गाउँ सभाबाट पारित गराई नयाँ समिति गठन गरिएको भने पनि समिति कार्तिकमा गठन भएको छ । गाउँपालिकाका अध्यक्ष नारायणबहादुर कार्कीले आफूले संघीय कानुनको अध्ययन नगरेको तर व्यवहारिक पाटो रोजेर काम गरेको बताए । उनले लामो समयसम्म गुठी संस्थानबाट कुनै पनि प्रक्रिया अगाडि नबढेपछि पालिकाले छुट्टै ऐन बनाएर समिति गठन गरेको दावी गरेका थिए । गुठी संस्थानले स्वीकृत विना अनाधिकृत रुपमा समिति गठन गरेको भन्दै नवगठीत समितिको काम कारवाही रोक्न सम्बन्धित निकायलाई पत्रचार समेत गरेको थियो । संस्थानले मालपोत कार्यालय पाल्पालाई अनाधिकृत रुपले गाउँपालिकाबाट नयाँ समिति गठन भई संस्थानको स्वीकृति नलिई सम्पदा क्षेत्रमा हस्तक्षेप गरेको भन्दै उक्त समितिको काम कारवाही रोक्न भन्दै पत्र लेखेको थियो । संस्थानका प्रशासक शैलेश राज कुंवरले देवस्थल व्यवस्थापन समिति गठन गर्ने सम्बन्धी निर्देशिका २०८१ अनुसार समिति गठन गरी सञ्चान र व्यवस्थापन गरिदिन भन्दै मालपोतलाई पत्र लेख्दै जिल्ला प्रशासन कार्यालय, गाउँपालिका र वडा कार्यालयलाई बोधार्थ पठाएका थिए । मालपोत कार्यालयका प्रमुख दुर्गा खनालले समिति गठन प्रक्रियामा मालपोतको प्रमुखको अध्यक्षतामा समिति गठन गर्नुपर्ने भनिए पनि भेलामा आफुहरुलाई जानकारी नै नगराई प्रक्रिया अगाडि बढाएकोमा आपत्ति जनाएका थिए । प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले पनि आफुले समिति गठन प्रक्रियामा देखिएको समस्या समाधानका लागि पटक-पटक पालिकालाई आग्रह गरे पनि चासो नदेखाएको बताएका थिए । देशभरकै आस्थाको रुपमा रहेको मन्दिरमा समिति विवादमा पर्दा व्यवस्थापन अस्तव्यस्त बन्न पुगेको छ ।


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

**वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

**सम्पर्क: ०७५-५२०६०१**



## कर्मचारी आवश्यकता

*सूचना प्रकाशन मिति : २०८२/०१/३०*

यस पाल्पा टेक्नीकल ईन्स्टिच्युट तानसेन-२, पाल्पाको लागि १ (एक) जना तपसिलमा उल्लेखीत उप-प्रशिक्षक आवश्यकता भएको हुँदा ईच्छुक योग्य उम्मेदवारले मिति ०८२/०२/१३ गते भित्र यस ईन्स्टिच्युटमा आई दरखास्त दिनु हुन जानकारी गराईन्छ ।

तपसिल :

**विज्ञापन न. :** १-०८१/०८२
**पद :** उप-प्रशिक्षक , **संख्या :** १, **उमेर :** २५ देखि ४५ वर्ष ननाघेको,
**शैक्षिक योग्यता :** नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट B.S.C Nursing, BN वा H.A पास गरेको ।
**दरखास्त बुझाउने मिति:** २०८२ जेष्ठ १३ गते सम्म
**तलब :** ईन्स्टिच्युटको नियमानुसार, **परीक्षाको किसिम :** अन्तर्वार्ता,
**दरखास्त दस्तुर :** ५००/-

**आवश्यक कागजातहरु :**
१. निवेदन साथ आफ्नो वायोडाटा (Bio - Data ) - १/१ प्रति
२. पासपोर्ट साइजको फोटो - दुई प्रति
३. नेपाली नागरीकताको प्रतिलिपि - १ प्रति
४. शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपिहरु - १/१ प्रति
५. काउनसील दर्ताको प्रमाण पत्रहरुको प्रतिलिपि १ प्रति
६. कम्प्युटर सम्बन्धी तालिम लिएको प्रमाण पत्रको प्रतिलिपिहरु - १/१ प्रति
७. अन्य अनुभव भए त्यसको प्रतिलिपिहरु - १/१ प्रति
८. शिक्षण क्षेत्रमा अनुभव भएकालाई दक्षता हेरी प्राथमिकता दिइनेछ ।
९. अन्तर्वार्ताको मिति सम्पर्क मितिमा जानकारी गराईनेछ ।

**सम्पर्क**
**पाल्पा टेक्निकल ईन्स्टिच्युट**
**तानसेन-२, मेहलधारा, पाल्पा**
फोन नं. ०७५-५२०७१४, ९८५७०६०३४६, ९८४७०२९८१६



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई